विधेयक संख्या :

# प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई सशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश नं ४, पोखरा

# प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई सशोधन गर्न वनेको विधेयक

<u>प्रस्तावना:</u> प्रदेश नं. ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "**प्रदेश नं. ४,प्रदेश** आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश नं ४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यसपछि मूल ऐन भनिएको) को दफा २ मा संशोधनः</u>** मूल ऐनको दफा २ को खण्ड (ङ) को सट्टामा देहायको खण्ड राखिएको छः

(ङ) "कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश लोकसेवा आयोग र सो मातहतका कार्यालय वा निकाय सम्झनुपर्छ।"

३. **<u>मूल ऐनको दफा ९ मा संशोधन</u>** : मूल ऐनको दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेशसभामा पेश गर्नुभन्दा कम्तिमा पन्ध्र दिन अगावै अर्थ मन्त्रीले बिनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ ।"

४. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को उपदफा (२) को-

(१) खण्ड (क) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः

"तर यो ऐन प्रारम्भ भएपछिको पहिलो आर्थिक वर्षको लागि यो व्यवस्था लागू हुने छैन।"

५. **<u>मूल ऐनको दफा ३६मा संशोधनः</u>** मूल ऐनको दफा ३६ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) दफा ३२ को उपदफा (६) बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको आन्तरिक लेखापरीक्षणको बेरुजू तथा दफा ३८ बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको अन्तिम लेखापरीक्षणको बेरुजूको विवरण लगतमा अद्यावधिक गरी राखु र पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ।"

६. **<u>मूल ऐनको दफा ६४ मा संशोधनः</u>** मूल ऐनको दफा ६४ को सट्टा देहायको दफा ६४ राखिएको छः

**<u>"६४ प्रदेश लेखा नियन्त्रक कार्यालयको व्यवस्थाः</u>** प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भै संचालन नभएसम्म प्रदेशको राजधानी वा कार्यसंचालनस्थलमा रहेको नेपाल सरकारको कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालयको कार्य गर्नेछ ।"

**प्रदेश सभाको सम्वत् २०७५ साल जेठ २१ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।**

श्रृजना शर्मा
कार्यवाहक सभामुख
प्रदेश नं ४

मिति :२०७५।२।३१